# श्री गुरुगीता



श्रीसिद्धमानवमुखा गुरवः स्वरूपं संसारदाहशमनं द्विभुजं त्रिनेत्रम् ।
वामाङ्गशक्तिसकलाभरणैर्विभूषं ध्यायेज्जपेत् सकलसिद्धिफलप्रदञ्च ॥

# हाम्रो कामना

एहलौकिक र पारलौकिक सुखको साथै आधिभौतिक, आधिदैविक र आध्यात्मिक त्रितापलाई शान्त गरी संसाररूपी भवसागरबाट पार तरी नरबाट नारायण हुन यही मानव जीवन सर्वश्रेष्ठ जीवन हो र अवसर पनि हो भन्ने भावनामा दृढ भएर तदनुरूप कृयाकलाप अंगाल्दै अगाडि बढ्नु भएका हाम्रा पति, पिता डा. ताराबहादुर खत्रीको अकल्पनीय एवं असामयिक निधन भएको सत्र वर्ष पूरा भएको छ । केही बिलम्ब भएपनि वाहाँको संस्मरणमा अन्धकारबाट प्रकाशमा, दुःखबाट सुखमा र अज्ञानबाट ज्ञानको क्षेत्रमा पुर्‍याउने विधा "गुरुगीता" जस्तो महान कृतिको पुनः प्रकाशन गर्ने कार्यमा सहयोग पुयाउन पाएकोमा आफूहरूलाई परम शौभाग्यशाली सम्झेका छौं ।

आध्यात्मिक क्षेत्रमा चीरपरिचित, गुरुशिष्य परम्परालाई कायम गर्दै आत्मज्ञान र ब्रह्मज्ञानको क्षेत्रमा विश्वव्यापी रूपमा प्रतिष्ठा प्राप्त गरिसक्नु भएका परमहंस योगसेवाका संस्थापक संरक्षक परमहंस आचार्य योगिराज स्वामी बालकृष्णानन्द "मुक्तबुद्ध" ज्यूको असिम कृपा र योग सेवा कार्य समिति एवं व्यवस्थापन पक्षबाट पूर्ण विश्वासका साथ यस्तो महान कार्य गर्ने महत्वपूर्ण जिम्मेवारी प्राप्त भएकोमा गौरव ठान्दै आगामी दिनहरूमा पनि यस्तै उत्कृष्ट कार्यहरु गर्ने प्रेरणा मिलोस भन्ने कामना गर्न चाहन्छौं । योगसेवाको चौतर्फी हित, उन्नति र विकासको निमित्त प्रत्येक साधकले आ-आफ्नो क्षेत्रबाट केहि न केहि योगदान दिन सकेमा "सर्वे भवन्तु सुखिन, सर्वे सन्तु निरामया, सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःख भागभवेत" को मर्म र भावना सार्थक हुने र सबैको कल्याण पनि हुने हुँदा सबैमा यो भावना र उत्प्रेरणा मिलोस भन्ने कामना गर्दछौं ।

- श्रीमती डा. शोभा खत्री
- श्रीमती गीता खत्री
- पुत्र तरुण खत्री
- पुत्र सन्दिप खत्री
  श्वेतविनायकमार्ग, काठमाडौं - ११

# प्रकाशकीय

निहत्था जसरी शक्तिहीन, निर्वल, निरीह हुन्छन् त्यसरी नै निगुरा असंयम, अविवेकी, असमझ र अज्ञानी हुन्छन् । जसको सद्गुरुको संगत छैन, जो सद्गुरुबाट दीक्षित छैन, जसको सत्संगत छैन उसैलाई निगुरा भनिन्छ । जुनसुकै विषय ज्ञान गर्नु अथवा जुनसुकै विधा चाहे भौतिक होस् या अध्यात्म, लौकिक होस या पारलौकिक, शुक्ष्म होस् या स्थूल, निषेधित होस् या स्वीकृत जुनसुकै प्रकारको ज्ञान या सीप हासिल गर्न तत् तत् प्रकारका गुरुको आवश्यक पर्दछ । त्यसैले विषय अनुसार गुरु पनि विभिन्न प्रकारका हुन्छन् जस्तो सूचक गुरु, प्रेरक गुरु, बोधक गुरु, निषिद्ध गुरु, विहित गुरु, कारणाख्य गुरु, सद्गुरु आदि मानिन्छ किन भने जीव र जगतको विवेक ज्ञान दिएर, लौकिक र पारलौकिक तत्त्वहरूको भेद ज्ञान गराएर, तत्त्वमसीको भेद र अभेदलाई सैद्धान्तिक, व्यवहारिक र अभ्यासात्मक रूपको ज्ञान गराएर प्रत्याभूति समेत गराई भेदबाट अभेदसम्म र अभेदबाट फेरी भेदमा ल्याई समभावमा स्थित गराई विवेक ज्ञान प्रज्ज्वलित गराउने क्षमता सद्गुरुमा मात्र हुन्छ । अथवा भेद र अभेदको गुढार्थ विश्लेषण गरी समभावमा पुगी व्यवहारमा उतार्ने सहिष्णुपूर्ण मिलन विन्दूमा जो पुगेको हुन्छ र शिष्यलाई पनि त्यो विन्दूमा पुर्‍याउन सक्ने क्षमता जोसंग हुन्छ त्यही मात्र सद्गुरु मानिन्छ, त्यसैको संगत, उसैबाट दीक्षितलाई मात्र सगुरा भनिन्छ । यो गीताको गुरु ज्ञान हो । वाचक गुरु, बोधक केही प्रवचन, विहित गुरु, गुरुहरूका साधनाहरूको आधारमा - समभाव, अद्वैत भावका नाममा परस्त्री र स्वपत्नीमा विभेद किन ? आत्मा अमर छ भने अहिंसा किन, दुराचारी र सदाचारीमा भेद किन जस्ता विवेक शून्य प्रश्नहरू आउने गर्छन्, आईरहेका छन् । च्याउ उम्रे झैं उम्रेका अनगिन्ती एफ.एम. रेडियोहरूबाट यस्ता प्रश्नहरू उठाई रहेका छन्, अध्यात्म प्रति मन्दविष फैलाई रहेका छन् ।

किन उठी रहेका छन् यस्ता प्रश्न ? किन भई रहेका छन् यस्ता व्यवहारहरू ? किन भने यहाँ सद्गुरुको अभाव छ, सद्गुरु अप्राप्य छ। सद्गुरुको अप्राप्यताका कारण, भेद र अभेदको समिचीन ज्ञान नभई समभावलाई व्यवहारिकतामा उतार्ने मिलन विन्दू फेला पार्न नसक्नाका कारण यसरी अध्यात्म ज्ञानमा तीक्ष्ण प्रहार हुन गएका छन् । यही कारणले धर्मका नाममा विकृति फैलिई रहेका छन्, कुनै बजारिया भौतिक सामान झैं साटासाट भई रहेका छन्, धर्म क्रय विक्रय हुन थालेका छन् । गुढार्थको बदला सतही अर्थ लगाएर सत्यार्थको बदला स्वार्थार्थ लगाई धर्म सापेक्षको बदला धर्म निरुपेक्षतिर गईरहेको

छ आजको समाज । "धर्मो रक्षतिः रक्षीतः को बदला धर्मो भक्षतिः भक्षीतः अर्थात धर्मलाई रक्षा गरेमा धर्मले हामीलाई रक्षा गर्छ तर धर्मलाई खाई दियो भने धर्मले नै खाईदिनेछ" यस्तै भई रहेकोछ अहिलेको स्थिति । उदाहरणको लागि प्रकृति (वन, वातावरण) लाई हामीले रक्षा गर्यो भने प्रकृतिले हामीलाई सुरक्षा, सुविधा दिन्छ जस्तो धूलो, धूवां उडाएनौं भने हामीले सजिलोसंग स्वस्थकर स्वास लिन सक्छौं अन्यथा दूषित वायुमा गाहो गरेर श्वास लिएर रोगी बनिन्छ । अर्थात हामीले दूषित वनाएको हावापानी (वातावरण) को दूषित प्रभाव पनि हामीलाई पर्दछ । त्यसरी नै अध्यात्मदेखि विमुख हुनु, उदासीन हुनु भनेको नैतिकहीन, चरीत्रहीन हुनु हो । जिम्मेवारी बोध नहुनु, विवेक ज्ञान नभई अनुशासित नहुनु, उच्छृंखलता वढ्न जानुको कारण पनि आध्यात्मिक चेतनाको कमी नै हो । यसरी आध्यात्मिक चेतना जागरण नहुनुको कारण भने सद्गुरुको अभाव, आध्यात्मिक नेतृत्वको अभाव हो भन्नु पर्ने हुन्छ । किन भने चरित्रवान र विवेकशील शिष्य उसैले उत्पादन गर्न सक्छ जो आफै विवेकशील र चरित्रवान छ । आफ्नो छात्राहरूसंग दुराचारीपूर्ण व्यवहार गर्ने, दुर्व्यसन गर्ने, दुराभाव राख्ने गुरुहरूबाट सदाचारी जनता कसरी उत्पादन हुन सक्ला ? विचारणीय छ । यही कारणले आज गुरुगीताको आवश्यक परेको हो, सद्गुरुको आवश्यक परेको हो, गुरुगीता ज्ञानको जरुरी भएको हो ।

यही खट्कींदो आवश्यकता पूरा गर्न परमहंस योगसेवाका संरक्षक संस्थापक परमहंस योगिराज श्रीवालकृष्णानन्द "मुक्तबुद्ध"ज्यूबाट हाम्रो मूर्धन्य खजाना संस्कृत भाषामा रहेको गुरुगीता नेपाली भाषामा अनुवाद गरी दिनु भयो ।

गुरुको आवश्यकता, सद्गुरुको महत्व, गुरु कस्ता प्रकारका हुन्छन्, कस्तो व्यक्तिलाई गुरु मान्ने, नमान्ने, गुरुप्रति कसरी व्यवहार गर्ने, कसरी अनुशासीत बन्ने आदि ईत्यादीका श्रोत यो पुस्तक सर्वसाधारणको लागि उपयोगी हुने मनसाय परमहंस योगिराजज्यूबाट प्रकट भएपछि हामीले परमहंस योगसेवा मार्फत दोस्रो प्रकाशनमा ल्याई सर्वसाधारणसम्म पुर्‍याउने जमर्को गर्यौं र प्रस्तुत पुस्तिका तपाईंको करकमलमा आई पुग्यो ।

यसरी घुमेर तपाईंको हातमा आईपुगेको यो पुस्तिकालाई अध्ययन मनन चिन्तन गरेर आफ्नो जीवन ब्यवहारमा प्रयोगमा ल्याई दिनुभयो भने परमहंस योगिराजज्यूको सदिच्छा, हाम्रो लगानी र प्रकाशन सार्थक भयो भन्ने हामी ठान्दछौं साथै अन्य प्रकाशनहरूमा हामी प्रोत्साहित हुने छौं ।

अन्तमा यो पुस्तिका अत्यन्त व्यस्तताको बावजुद समय निकालेर बडो मेहनतका साथ नेपाली भाषामा अनुवाद गरीदिनु भएकोमा हाम्रा श्रद्धेय गुरुदेव परमहंस योगिराज स्वामी श्रीवालकृष्णानन्दज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । द्वितीय संस्करणमा सच्चिदानन्द (भजन) र गुरुमण्डल स्तोत्र (भजन) थप गरिएको छ ।

सच्चिदानन्द भजन ब्रह्ममय शब्द र विभिन्न विभूतिका सँगालो हो, गुरुमण्डल भजन एक अद्वितीय गुरुस्तोत्र हो । सच्चिदानन्द र गुरुंमण्डल (स्तोत्र) भजनका प्रत्येक शब्द-शब्द मन्त्रमय रहेको अद्वितीय स्तोत्र समेत भएको हुँदा प्रत्येक दिन नित्यकर्मको समयमा यो स्तोत्रको विशुद्ध प्रार्थनाले मात्र पनि गुरु कृपा, ईश्वरीय कृपा प्राप्त गर्न सकिन्छ ।

सम्पूर्ण साधकवर्गको चाहना र माग बमोजिम यो कृति पुनः प्रकाशन गरी जनसमक्ष प्रस्तुत गरिएको छ । यो कृतिमा कहींकतै त्रुटिहरू रहन गएका हुनसक्छन्, त्यस्ता त्रुटिहरू विज्ञ सच्याई दिनुहुन र सच्याइनु पर्ने अन्य विषयवस्तु समेत भए सुझाव पाठकबृन्दबाट स्वरुप पठाई दिनुहुन अनुरोध गर्दै यसलाई पुनः प्रकाशन गर्न सहयोग गर्नु हुने खत्री परिवारलाई हार्दिक धन्यवाद अर्पण गर्दछौं ।


चक्र परमहंस योगसेवा

दिव्य सत्संगधाम

रामनगर, चक्रचोक, ललितपुर उ.म.न.पा-३ ।